गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

## मिति २०८२।०३।०४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व. २०८१/०८२ को १५ औं नगर कार्यपालिका बैठकको निर्णयहरुः

**निर्णय नं. १** आ.व. २०८२/०८३ को लागि गैंडाकोट नगरपालिकाको विषयगत समितिहरुबाट पेश भएको बजेट तथा कार्यक्रमलाई संशोधन सहित स्वीकृतीका लागि १७ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २** विपन्न सुनौला हजार दिनका महिलाहरुलाई आयआर्जन गर्नका लागि अनुदान कार्यक्रम सञ्चालन गर्न विपन्न २८ जनाको समुह गठन गरी कार्यालयमा पेश गर्नका लागि युग चेतना नारी बचत तथा ऋण सहकारी संस्था वडा नं. १२ लाई छनोट गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिकाले नगर भित्र सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने साथै कार्यदलको प्रतिवेदनको आधारमा थप प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

संयोजकः- श्री मधुकर मल्ल वडा, अध्यक्ष वडा नं. १३
सदस्यः- श्री प्रेम सापकोटा, वडा अध्यक्ष वडा नं. ८
सदस्यः- श्री चक्रपाणी कँडेल, वडा अध्यक्ष वडा नं. १२
सदस्यः- श्री प्रेम राज तिमिल्सेना, वडा अध्यक्ष वडा नं. १५
सदस्यः- श्री गोपी कँडेल, वडा अध्यक्ष वडा नं. १७
सदस्यः- श्री सरिता देवी दर्जी, कार्यपालिका सदस्य
सदस्य-सचिवः- श्री झलकराज पौडेल, स्वास्थ्य शाखा प्रमुख

**निर्णय नं. ४** आर्थिक बर्ष २०८०।०८१ को श्रेस्ताहरु महालेखा परीक्षकको कार्यालयबाटले लेखापरीक्षण गर्दा देखिएका बेरुजु मध्ये निम्न बमोजिम जम्मा रु. ४,०५,४७,३८९/- नियमसंगत नभएको भनी बेरुजु कायम भएको सन्दर्भमा यस कार्यालयले स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरेका कार्यक्रममा मात्र खर्च गरेको, खर्च गर्दा विधिसम्मत र प्रचलित ऐन कानून अनुसार नै खर्च गरेको, यसरी खर्च गर्दा कार्यक्रमले निर्दिष्ट गरेका उद्वेयहरु पुरा गर्न सहयोग पुगेको र यसबाट सरकारी हानी नोक्सानी पनि केही नभएको एवं थप व्ययभार पनि नपरेको हुँदा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४६ बमोजिम गठित लेखा समितिमा छलफल भई प्राप्त प्रमाणहरुका आधारमा आ.व. २०८०।०८१ को रु. ४,०५,४७,३८९ /- बेरुजुलाई नियमित गर्न १७औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** गैंडाकोट नगरपालिकाको वडा नं. ८, जयश्री खोला स्थित निर्माण सम्पन्न भैसकेको स्टिल पुलको लागत अनुमान तयार गर्दा पूर्व आंकलन गर्न नसकिएको Approach Road को Backfilling Materials र Gabion Structures आवश्यकताको आधारमा थप गरेर मात्र प्रयोगमा आउने देखिएको भन्ने प्राविधिक राय बमोजिम आवश्यकताको आधारमा थप गर्ने र तत्काल नगर कार्यापलिकाबाट अनुगमन गरी सञ्चालन गर्न र निर्माण व्यवसायीलाई प्राविधिक मूल्याङकन र तेस्रो पक्ष Verification बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

शान्ती

मधुर भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. ६** गैंडाकोट नगरपालिका वडा नं. ११ मा निर्माणाधिन १५ शैय्याको नगर अस्पतालको टेन्डर आवहान गर्दा मन्त्रालयबाट डिजाइन स्वीकृती नलिएको र केही त्रुटिहरु BOQ मा समेत रहेको,स्वास्थय तथा जनसंख्या मन्त्रालयको पत्र बमोजिम नगर कार्यापालिको निर्णय स्वास्थय तथा जनसंख्या मन्त्रालयले जारी गरेको निर्देशिका र मापदण्ड बमोजिम तयार हुदै गरेको संसोधित डि.पि.आर. आवश्यकताको आधारमा नयाँ Items समेत थप गर्न पर्ने भए सो समेत समावेश गर्ने, यसरी संसोधन गर्दा हुने Variation र नयाँ डिजाइन नगर कार्यापालिकाबाट स्वीकृत गरी नगरपालिका, परामर्शदाता र निर्माण व्यवसायी बीच त्रिपक्षीय सम्झौता गर्ने, निर्माणको क्रममा भएको बाधा अड्चन फुकाई निर्माण सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७** गैंडाकोट नगरपालिका भित्र कतिपय निर्माण कार्यहरु पूर्व सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार नगरी निर्माण गर्दा योजना नै बिचमै अलपत्र पर्ने, प्रयोग बिहिन हुने र सरकारी सम्पतिको हिनामिना समेत हने जोखिम देखिएकाले यस नगरपालिका भित्र निर्माण हुने दुरगामी योजना, जटिल प्रकृतिका संरचनाहरुको आवश्यकता र औचित्यतताको आधारमा परामर्श सेवाबाट विस्तृत अध्ययन गरी डिजाइन बमोजिम निर्माण कार्यहरु अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ८** गैंडाकोट नगरपालिका भित्र परमपरागत चौताराहरु नयाँ बाटो, संरचना निर्माणको क्रममा क्षति हुने गरेको र नगरबासीले भोग्दै गरेको अत्याधिक गर्मी र भुल्दै गरेको चौपारीमा समुहमा बसी सामाजिक आत्मियतता सहितको समभाव र भाईचाराको सम्बन्ध जगेर्ना तथा उत्थान गर्न  कम खर्चिलो चौताहरु पूननिर्माण र वृक्षारोपण गर्दै भविष्यका सन्ततिका लागि हरित वातावरण सृजना गर्ने नगर भित्र क्रियाशिल सबै संघ,संस्था एवं सरोकारवाला पक्षहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** गैंडाकोट नगरपालिकाको वडा नं. १६ अमरापुरीमा रहेको संयुक्त वडा कार्यालय भवन (वडा नं. १६ र १७) को साविकको पुरानो भवन हाल उक्त स्थानमा वडा नं. १६ को नयाँ वडा कार्यालय भवन टेण्डर मार्फत बनाउने प्रयोजनको लागि उक्त साविकको पुरानो भवन भत्काउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १०** गैंडाकोट नगरपालिकाको १५ औं  नगर सभाको निर्णय नं. २ बमोजिम  नगर सभामा विनियोजन गर्न छुट भएका तर आवश्यकता र औचित्यतताको आधारमा नगर कार्यपालिका, नगर प्रमुख स्तरीय निर्णय तथा नगर कार्यपालिकाको कार्यालयबाट भएका निर्णयहरुको आधारमा कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरुमा बजेट र श्रोत अभावका कारणले भुक्तानी दिन कठीनाई उत्पन्न भएकोले  चालू आ.व. २०८१/०८२ मा कार्यान्वयनमा नजाने एवं योजना,कार्यक्रमबाट बचत हुने रकम आवश्यक शिर्षकमा रकमान्तर एवं श्रोतान्तर गरी भुक्तानी प्रक्रिया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

**निर्णय नं. ११** गैंडाकोट नगरपालिकाको आ. ब. २०८२/०८३ का लागि बजेट तयार गर्न राजश्व परामर्श समितिको २०८२ जेष्ठ २२ गतेको बैठकबाट सिफारिस भईआएको आन्तरिक श्रोततर्फका शिर्षकहरुबाट संकलन गर्न सकिने अनुमानित राजश्वको सिमालाई संशोधन गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

| सि.नं. | संकेत नं | आन्तरिक श्रोत आम्दानि शिर्षक | आ. ब. ०८२/०८३ को लागि ( रु. हजारमा ) |
|---|---|---|---|
| १ | ११३१३ | सम्पत्ति कर | |
| २ | ११३१४ | भूमिकर /मालपोत | ९००० |
| ३ | ११३२१ | घरजग्गा वहाल कर | ९००० |
| ४ | ११३२२ | वहाल विटौरी शुल्क | २५००० |
| ५ | ११४७३ | अन्य मनोरञ्जन कर | ५०० |
| ६ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | २०० |
| ७ | ११६२१ | व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने (मौलाकालिका केवल कार समेत ) | ५०० |
| ९ | ११६९१ | अन्य कर | ५००० |
| १० | १४१५१ | सरकारी सम्पत्ति वहाल वाट प्राप्त आय | |
| ११ | १४२११ | कृषि उत्पादनको बिक्रि बाट प्राप्त रकम | २०० |
| १२ | १४२१३ | अन्य बिक्रि बाट प्राप्त रकम | ५०० |
| १४ | १४२१९ | अन्य सेवा शुल्क तथा विक्रि ( सरसफाई शुल्क ढुंगा, गिटि, वालुवा र माटो बिक्रि समेत ) | १००००<br>१०५००० |
| १५ | १४२२१ | न्यायिक दस्तुर | ५० |
| १६ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानि | ५०० |
| १७ | १४२२४ | परीक्षा शुल्क | ५० |
| १८ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १००० |
| १९ | १४२४२ | नक्सा पास दस्तुर | १८२०० |
| २० | १४२४३ | सिफारिस दस्तुर | ८५१० |
| २१ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १००० |
| २२ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३००० |
| २३ | १४२४९ | अन्य दस्तुर | १०००० |
| २४ | ११६१३ | व्यवसाय रजिसट्रेशन दस्तुर | ७०५० |
| २६ | ११४७२ | विज्ञापन कर | १२०० |
| २७ | १४२६२ | जलश्रोत सम्बन्धी अन्य दस्तुर | २००० |
| २८ | १४३११ | न्यायिक दण्ड जरिवाना र जफत | ५० |
| २९ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | ५० |
| ३० | १४५२९ | अन्य राजश्व | १५० |
| ३१ | | घरजग्गा रजिष्टेशन दस्तुर | ६०००० |
| ३२ | ११४५१ | सवारी साधन कर ( सवारी दर्ता तथा सवारी कर तथा पटके सवारी कर | ३०० |
| ३३ | | जडिवुटि, कवाडि र जिवजन्तु कर | ५०० |
| ३४ | | बेरुजु | १०० |
| | | जम्मा | २७८६१० |

**निर्णय नं. १२** गैंडाकोट नगरपालिकाको आ. ब. २०८२/०८३ का लागि बजेट तयार गर्न श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको २०८२ जेष्ठ २४ र २५ गतेको बैठकबाट सिफारिस भई आएको आर्थिक वर्ष २०८२/०८३ को लागि आय श्रोत र विनियोजन तर्फका शिर्षकहरुमा देहाय बमोजिम संशोधन गरी स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरीयो ।

प्रमुख प्रशासकीय अधिकृत

नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| सि.नं. | आर्थिक वर्ष २०८२/०८३ को श्रोत अनुमान शिर्षक | आगामी आ. ब. ०८२/०८३ को आय अनुमान (रु.हजारमा) |
|---|---|---|
| १ | आन्तरिक राजश्व | २७८६१० |
| २ | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | १६५६०० |
| ३ | नेपाल सरकारबाट प्राप्त राजश्व बांडफांड | १४८२३७ |
| ४ | संघिय सरकार बाट प्राप्त वन रोयल्टी | ० |
| ५ | नेपाल सरकारबाट प्राप्त विशेष अनुदान | ६७०० |
| ६ | नेपाल सरकारबाट प्राप्त समपुरक अनुदान | ८८०० |
| ७ | नेपाल सरकारबाट प्राप्त शसर्त अनुदान | ३७५१०० |
| ८ | गण्डकी प्रदेशबाट प्राप्त समानीकरण अनुदान | २२३८३ |
| ९ | गण्डकी प्रदेशबाट प्राप्त राजश्व बांडफांड | १७९३४ |
| १० | गण्डकी प्रदेशबाट प्राप्त शसर्त अनुदान | २०० |
| ११ | गण्डकी प्रदेशबाट प्राप्त विशेष अनुदान | ४००० |
| १२ | गण्डकी प्रदेशबाट प्राप्त समपुरक अनुदान | ४६८० |
| १३ | बैंक मौज्दात तथा अन्य आय (अल्या) | ५५००० |
| | जम्मा | १०८७२४४ |

## आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन

| सि.नं. | विवरण | आगामी आ.व. ०८२/०८३ (रु. हजारमा ) |
|---|---|---|
| १ | कार्यालय प्रशासनिक खर्च | १६३९२६ |
| २ | आर्थिक विकास समिति | १७९०० |
| | कृषि | ११००० |
| | पशुपंक्षि | ४२०० |
| | सहकारी | १२०० |
| | मेड्पा साझेदारी( रोजगारमुलक तालिम स्तरोन्नति समेत ) | १५०० |
| ३ | सामाजिक विकास समिति | १२८०२० |
| | खेलकुद | ४५०० |
| | लक्षित वर्ग | ९००० |
| | धार्मिक तथा सांस्कृतिक जगेर्ना कार्यक्रम | १००० |
| | शिक्षा | ६०५०० |
| | स्वास्थ्य | ४२५०० |
| | आयूर्वेद | २५०० |
| | खानेपानी बोर्ड | ५०० |
| | सामी | १००० |
| | बहुक्षेत्रिय पोषण कार्यक्रम | १५०० |
| | सुत्केरी आमा पोषिलो खाना कार्यक्रम समेत ( प्रति व्यक्ति रु ५००० का दरले वितरण ) | १००० |
| | रोजगार सेवा केन्द्र व्यवस्थापन | १३२० |
| | प्रज्ञा प्रतिष्ठान | २००० |

प्रमुख प्रशासकीय अधिकृत

नगर उपप्रमुख

नगर प्रमुख

| | | |
|---|---|---|
| | गैर सरकारी संस्था साझेदारी लगायतको Skill Test | ७०० |
| ४ | पूर्वाधार विकास समिति | १२०५०० |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन समिति दमकल संचालन सहित | ८००० |
| ६ | संस्थागत विकास तथा सेवा प्रवाह समिति | ४००० |
| | न्यायिक समिति | २७०० |
| | उपभोक्ता हित संरक्षण | ५०० |
| | संस्थागत विकास | ८०० |
| ७ | वडागत विभाजन | १२९००० |
| | वडा नं. ३,१४ र १८ को लागि रु. ८० लाख प्रति वडा | २४००० |
| | १,२,४,५,६,७,८,९,१०,११,१२,१३, १५, १६ र १७ को लागि रु. ७० लाख प्रति वडा | १०५००० |
| ८ | समपुरक अनुदान - संघ | ८८०० |
| ९ | नगरपालिका समपुरक साझेदारी - संघ | ८८०० |
| १० | समपुरक अनुदान - प्रदेश | ४६८० |
| ११ | नगरपालिका समपुरक साझेदारी - प्रदेश | ४६८० |
| १२ | ससर्त अनुदान संघ | ३७५१०० |
| १३ | ससर्त अनुदान प्रदेश | २०० |
| १४ | बिशेष अनुदान संघ | ६७०० |
| १५ | बिशेष अनुदान प्रदेश | ४००० |
| १६ | नगरपालिका बाट साझेदारी (सडक बोर्ड) | ४००० |
| १७ | विपद कोष | ४००० |
| १८ | अन्य सार्वजनिक निर्माण | ९००० |
| १९ | भौतिक संरचना मर्मत संहार | ८००० |
| २० | मेसिनरी औजार, फर्निचर फिक्चर्स | ५००० |
| २२ | आकस्मिक तथा अन्य भैपरी आउने पुंजीगत | ५००० |
| २३ | सरसफाई संयन्त्र संचालन खर्च | ६५०० |
| २४ | अन्य संस्था सहायता | ५००० |
| २५ | आय फिर्ता | ३००० |
| २६ | अन्य सामाजिक सहायता (विपद् राहत तथा उद्दार कार्यविधि, २०७९) | २५०० |
| २७ | गत वर्षका क्रमागत योजनाहरु | ५०९३८ |
| | जम्मा कार्यक्रम खर्च | १०८७२४४ |

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख